मिति २०७५।३।२८ मा माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा आयोजना भएको मनसुनको स्थितिको समिक्षा तथा तत्काल निर्णयहरु गर्नु पर्ने विषयमा भएको बैठक।

निर्णय नं. १) २०७५ सालको मनसुनको हालसम्मको स्थितिको समीक्षा गर्दै मनसुनको समयमा हुनसक्ने बाढी, पहिरो, डुवान जस्ता प्राकृतिक प्रकोप तथा त्यसबाट उत्पन्न स्थितिका कारण आवागमन, संचार बसोबास, बन्दोबस्ती र स्वास्थ्यमा देखिने विपद्जन्य अवस्थाको प्रभावकारीरुपमा सामना गर्नका लागि प्रादेशिक सरकार र जिल्ला विपद् व्यवस्थापन समितिले सजगता बढाउने । आ–आफ्नो जिल्लास्थित सबै गाउँपालिका तथा नगरपालिकाहरुमा स्थानीय विपद् व्यवस्थापन समितिको गठन र क्रियाशिलतामा जोड दिन आवश्यक समन्वय गर्ने ।

निर्णय नं. २) मनसुनको समयमा हुने वर्षाको पूर्वसूचना संप्रेषण गर्ने कार्यलाई जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र र सम्बद्ध मन्त्रालय, विभाग तथा सुरक्षा निकायहरुका बीचमा तत्काल सूचना आदान–प्रदान गर्दै उद्धारकर्मी परिचालनको सूचना समन्वयको काम राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले गर्ने । पूर्वसूचना सम्प्रेषणको जानकारी गृह मन्त्रालयको नेतृत्व तह र सुरक्षा निकायका प्रमुखहरुलाई उपलब्ध गराउन जल तथा मौसम विज्ञान विभाग र राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले थप सकृयता र समन्वयका साथ गर्ने, गराउने ।

निर्णय नं. ३) विपद् जोखिम न्यूनीकरण कार्यलाई विकास निर्माणको कार्यमा मूल प्रवाहिकरण गर्न तथा विपद्को प्रभावकारी प्रतिकार्य गर्न, गराउनका लागि दातृ निकाय, विकास साझेदार, मानवीय क्षेत्रमा क्रियाशिल संघ–संस्था, रेडक्रस अभियान, उद्योग वाणिज्य महासंघ तथा निजी क्षेत्र समेतको समन्वय, सहकार्य र सजगता बढाउने । जिल्लामा प्रमुख जिल्ला अधिकारीले यस कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने र विपद् व्यवस्थापन मैत्री स्थानीय प्रशासन संचालन गर्ने, गराउने ।

निर्णय नं. ४) विपद्को प्रकृति, मात्रा र प्रभावित क्षेत्रको स्थिति अनुसार हवाई वा सतह मार्गबाट तत्काल उद्धार कार्य संचालन गर्न नेपाली सेनाले हेलिकोप्टर तम्तयार राख्ने, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालले जनशक्ति र उपलब्ध श्रोत साधनलाई तम्तयारी अवस्थामा राख्ने, सडक विभागले सडक आवागमन सुचारु गर्न उपकरण र जनशक्ति तम्तयारी अवस्थामा राख्ने र स्वास्थ्य सेवा विभागले अत्यावश्यक औषधी र चिकित्सकको टोली तम्तयारी अवस्थामा राख्ने ।

निर्णय नं. ५) मनसुनको समयमा आउनसक्ने विपद्को सामना गर्न पारस्परिक समन्वय, सूचनाको आदान–प्रदान, तत्काल श्रोत साधन र जनशक्तिको परिचालन गर्ने, गराउने । यस किसिमको समिक्षा, आवश्यक निर्णय र सजगता बढाएर विपद् जोखिम न्यूनीकरण र प्रभावकारी प्रतिकार्यमा जोड दिन सम्वद्ध निकाय तथा संघ–संस्थाहरु क्रियाशिल रहने ।

निर्णय नं. ६) मौसम भविष्यबाणी, सतर्कता लगायतका विषयहरु सर्वसाधारणको पहुँचमा पुग्ने नीतिगत, प्रविधिगत र अन्य व्यवस्थापनका विषयहरु प्राथमिकताका साथ अघि बढाउन गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले कार्य अघि बढाउने ।